“देशभरिका सम्पूर्ण प्रगतिशील, देशभक्त तथा जनवादी विद्यार्थीहरु एकजुट होऔं ।”

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)

ALL NEPAL NATIONAL FREE STUDENTS' UNION (ANNFSU)

केन्द्रीय कमिटी/ Central Committee

Ratoghar, Kathmandu, Nepal

प. सं.
च. नं. ज्ञा.प. ०९:८२/८३

मिति : २०८२/०९/१५

**मा. मन्त्रीज्यू**

**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

**सिंहदरबार काठमाण्डौं ।**

## विषयः ज्ञापन पत्र

अनेरास्ववियुले आफ्नो स्थापनाकाल देखि नै विद्यार्थीहरूको हकहित र अधिकारको संरक्षण, शिक्षामा समानता कायम गर्ने, शैक्षिक क्षेत्रमा विद्यमान विसङ्गति अन्त्य गर्ने तथा शैक्षिक गुणस्तरको अभिवृद्धि गर्ने विषयहरूलाई आफ्नो मूल एजेण्डाका रूपमा अगाडि बढाउँदै आएको छ ।

‘शिक्षा राष्ट्र विकासको मेरुदण्ड हो’ भन्ने मान्यतालाई अनेरास्ववियुले सैद्धान्तिक रूपमा आत्मसात गर्दै आएको छ । विद्यालय, कलेज तथा विश्वविद्यालयहरूको गुणस्तर अभिवृद्धि, सुदृढीकरण र पहुँच विस्तारलाई संगठनले सधैं आफ्नो प्राथमिक एजेण्डाका रूपमा वकालत गर्दै आएको छ ।

यसै सन्दर्भमा, विदेशी विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी नेपालमा सञ्चालित कलेजहरूले नेपालको शिक्षा क्षेत्रलाई तहसनहस पार्ने, विद्यार्थीहरूको भविष्यमा गम्भीर खेलवाड गर्ने तथा नेपालको शैक्षिक वातावरण प्रतिकूल हुने गरि शैक्षिक विसङ्गतिलाई प्रश्रय दिएको देखिएकाले यस गम्भीर विषयको उचित छानबिन गरि ठोस् कदम चाल्न माननीय मन्त्रीज्यू समक्ष तपशील बमोजिमका मागहरू प्रस्तुत गर्दछौं ।

प. सं.
च. नं.

मिति :

**मागहरु:**

१. विद्यमान ऐन तथा कानुनमा विदेशी शिक्षण संस्था सम्बन्धी स्पष्ट व्यवस्था नहुँदा उत्पन्न समस्यालाई मध्यनजर गर्दै, यस्ता शिक्षण संस्थालाई व्यवस्थित गर्न यथाशीघ्र आवश्यक कानुनी प्रबन्ध गरिनुपर्ने ।

२. विदेशी शिक्षण संस्थाहरूको प्रशासनिक अभिलेख, सञ्चालन अनुमति तथा नवीकरण प्रक्रिया सम्बन्धित मन्त्रालय मार्फत रहने व्यवस्था गरी, गुणस्तर सुनिश्चितता, अनुगमन तथा मापदण्ड निर्धारणको जिम्मेवारी विश्वविद्यालय अनुदान आयोग (UGC) लाई प्रदान गरिनुपर्ने ।

३. कक्षा १०+२ पश्चात् अध्ययन गर्न सकिने कोर्सलाई 'फाउन्डेसन कोर्स'को नाममा सञ्चालन गरी विद्यार्थीमाथि समय र आर्थिक भार थप्ने एवं दुई वर्षको विभिन्न खाले प्रोफेसनल डिप्लोमा कोर्षहरु सन्चालन गरेर अन्तिम वर्षमा टपअफ गराई विद्यार्थीहरुलाई ठगी गर्ने कार्य तुरुन्त बन्द गरिनुपर्ने ।

४. तोकिएको मापदण्ड पूरा नगर्ने, एकभन्दा बढी विश्वविद्यालयबाट सम्बन्धन लिएर सञ्चालन गरिएका, नेपाली र विदेशी गरि दुवै विश्वविद्यालयको सम्बन्धन लिएर एकै ठाउँमा पठनपाठन गराइरहेका, तीन वर्षको स्नातक तहको शैक्षिक कार्यक्रमलाई चार वर्ष र एक वर्षको स्नातकोत्तर तहको शैक्षिक कार्यक्रमलाई दुई वर्षको बनाइ पठनपाठन गराई विद्यार्थी ठग्ने काम भईरहेकोले त्यस्ता ठगीमा संलग्न दि ब्रिटीश कलेज लगायतका सबै कलेजहरूको दर्ता तत्काल खारेज गरिनुपर्ने ।

५. दि ब्रिटीश कलेज लगायतका सबै कलेजहरूद्वारा अन्याय तथा ठगीमा परेका विद्यार्थीहरूको अध्ययन निरन्तरताका लागि वैकल्पिक व्यवस्था गरी उचित क्षतिपूर्तिको प्रबन्ध गर्नुपर्ने ।

६. नेपालमा सञ्चालनमा रहेका कार्यक्रमहरू तथा विद्यार्थी सम्बन्धी सम्पूर्ण विवरण विश्वविद्यालय अनुदान आयोगमा बुझाई हरेक वर्ष अनिवार्य रूपमा अद्यावधिक गर्नुपर्ने ।

७. कम्तीमा १० प्रतिशत विद्यार्थीहरूका लागि अनिवार्य निःशुल्क छात्रवृत्ति व्यवस्था गर्नुपर्ने तथा प्रत्येक सेमेस्टरमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरूको नामावली कलेजको वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्ने ।

८. नेपालमा सञ्चालनमा रहेका सबै कलेजहरू (संस्थागत तथा शैक्षिक दुवै) को अनिवार्य रूपमा Quality Assurance and Accreditation (QAA) प्राप्त गरेको हुनुपर्ने ।

९. सञ्चालनमा रहेका कलेजहरूमा न्यूनतम १०–१० प्रतिशत विदेशी विद्यार्थी र विदेशी अध्यापक अनिवार्य रूपमा समावेश गर्नुपर्ने ।

१०. सञ्चालनमा रहेका सबै कार्यक्रमहरूको समकक्षता निर्धारण गर्दा नेपाली विश्वविद्यालयका पाठ्यक्रमसँग बराबरी हुने गरी पाठ्यक्रम विकास गर्नुपर्ने ।

११. पारदर्शी परीक्षा प्रणाली लागू गर्दै, आन्तरिक मूल्याङ्कन तथा अन्तिम परीक्षा प्रणाली नेपालका अन्य विश्वविद्यालयसरह बनाउनुपर्ने ।

१२. सञ्चालनमा रहेका कलेजहरूले नेपालको शैक्षिक क्यालेन्डर अनुसार वर्षमा एक पटक मात्र भर्ना प्रक्रिया सञ्चालन गर्नुपर्ने तथा वार्षिक भर्ना संख्या नेपाली विश्वविद्यालयहरूको मापदण्ड अनुसार कायम गर्नुपर्ने ।

१३. सञ्चालनमा रहेका कलेजहरूको भौतिक पूर्वाधार (भवन, प्रयोगशाला, पुस्तकालय, ICT आदि) तोकिएको मापदण्ड अनुसार हुनुपर्ने ।

१४. सम्बन्धन प्रदान गर्ने विदेशी विश्वविद्यालय विश्व वरियतामा कम्तीमा १००० भित्र परेको हुनुपर्ने र उक्त विश्वविद्यालयले सम्बन्धित कलेजमा न्यूनतम १० प्रतिशत प्रत्यक्ष लगानी गरेको हुनुपर्ने ।

१५. कलेजहरुले लिने गरेको शुल्कलाई नेपाली विश्वविद्यालय अनुसारको मापदण्ड बनाएर यथाशीघ्र लागु गर्नुपर्ने ।

***नोटः माथि उल्लिखित मागहरु यथाशीघ्र सम्बोधन नभएको खण्डमा चरणबद्द आन्दोलनमा जाने चेतावनी दिन चाहन्छौं ।***

**हार्दिक अभिवादन सहित!**

**दिपक धामी**

**अध्यक्ष**